परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाईन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

•वर्ष १ •अंक ३३२ •२०७९ साल माघ २३ सोमबार •(6 February - 2023) •पृष्ठ ४ •मुल्य रु ३।- www.talknepaltv.com

## चार्जिङ स्टेसन परीक्षण सुरु



**रवीन्द्र उप्रेती, बर्दिबास ।**
बर्दिबासमा नवनिर्मित विद्युतीय सवारी 'चार्जिङ स्टेसन' सञ्चालन भएको छ । बर्दिबासस्थित इलाका प्रहरी कार्यालय परिसरमा निर्माण गरिएको चार्जिङ स्टेसन अहिले प्राविधिक परीक्षणको चरणमा छ । परीक्षणको क्रममा रहेको चार्जिङ स्टेसनबाट दैनिक १० देखि १५ थान सवारीसाधनले सेवा लिने गरेका छन् । चार्जिङस्टेसनकोपरीक्षणअनुगमनका लागि बर्दिबास आउनुभएका प्राविधिक अमृत स्याङ्तानका अनुसार अहिलेसम्म बर्दिबास स्टेसनमा आएका विद्युतीय सवारीको रिचार्जमा कुनै समस्या देखिएको छैन । चिनियाँ ठेकेदार कम्पनी 'वाङ बान डिजिटल इनर्जी कम्पनी' र नेपाल विद्युत् प्राधिकरणबीच देशभरका ५१ ठाउँमा चार्जिङ स्टेसन स्थापना गर्ने सम्झौताअन्तर्गत यहाँ पनि निर्माण भएको हो। यसका लागि बर्दिबास प्रहरीले आवश्यक जग्गा उपलब्ध गराएको छ । चिनियाँ ठेकेदार कम्पनीका नेपालस्थित प्रतिनिधि कम्पनी 'दिगो' कार्यक्रमका व्यवस्थापक शिव अधिकारीका अनुसार एउटै स्टेसनमा 'जीबीटी' र 'सीसीएस' गरी दुई प्रकारका चार्जिङ मेसिन जडान गरिएका छन्। ठूला सवारीका लागि 'जीबीटी' र साना सवारीका लागि 'सीसीएस' मेसिनले चार्ज गर्ने जनाइएको छ। दुवैले एकै पटकमा तीन-तीनवटा गरी छवटा सवारी चार्ज गर्न सक्ने अधिकारीले बताउनुभयो । परीक्षण कालमा रहेको स्टेसन प्राधिकरणलाई हस्तान्तरण गरिने उहाँले बताउनुभयो। अधिकारीले भन्नुभयो, 'भर्खरै निर्माण सकिएकोले यो चार्जिङ स्टेसन अहिले प्राविधिक परीक्षणको चरणमा छ । दुई, तीन सातापछि विद्युत् प्राधिकरणलाई हस्तान्तरण गर्छौं, त्यसपछि यसको औपचारिक सेवा सुरु हुने छ ।' विद्युतीय सवारीसाधनको प्रयोग र प्रवर्द्धनमा जोड दिने उद्देश्यले नव निर्मित चार्जिङ स्टेसनमा अत्याधुनिक प्रविधि जडान भएकाले यसले मानवरहित सेवा दिनेछ । बर्दिबास पुग्नुभएका दिगोका अर्का प्राविधिक सागरमान ताम्राकारका अनुसार यो चार्जिङ स्टेसनले मोबाइल एपबाटै भुक्तानी, चार्जिङका लागि समय बुकिङ र स्टेसन खाली वा व्यस्त छ हेर्न मिल्ने सुविधासमेत रहेको बताउनुभयो। बर्दिबास स्टेसनमा गाडी चार्जिङका लागि बुधबार पुग्नुभएका सिन्धुलीका विक्रम देवानले विद्युतीय सवारी निकै सस्तो भएको अनुभव बाँड्नुभयो । अहिले चार्जिङ स्टेसनले समय अनुसार चार्जिङ शुल्क निर्धारण गरेको छ । स्टेसनका प्राविधिक ताम्राकारका अनुसार साँझ ५ बजेदेखि राति ११ बजेसम्म पिक आवरमा प्रतियुनिट १० रुपियाँ ४४ पैसा, राति ११ बजेपछि बिहान ५ बजेसम्म छ रुपियाँ ६० पैसा र बाँकी समयमा रिचार्ज गर्दा प्रतियुनिट आठ रुपियाँ २८ पैसा शुल्क निर्धारण गरिएको छ। निर्माण कम्पनी वाङ बानले सम्झौता गरेका ५१ चार्जिङस्टेसनमध्ये बर्दिबास समेत गरी ३० ठाउँमा निर्माण सम्पन्न भइसकेको छ । १२ ठाउँका निर्माण अन्तिम चरणमा पुगेको र नौ ठाउँमा जग्गालगायतका प्राविधक कारणले निर्माणको चरणमा रहेको चिनियाँ ठेकेदार कम्पनीका न पालस्थित प्रतिनिधि कम्पनी 'दिगो'का कार्यक्रम व्यवस्थापक शिव अधिकारीले बताउनुभयो ।

## मधेसका जनता अन्यायमा परेका छन्, नागरिकता विधेयक छिटो ल्याइयोस् : सांसद महतो



**टक नेपाल, जनकपुरधाम ।**
मधेसका जनता अन्यायमा परेको प्रतिनिधि सभा सदस्य डा. वीरेन्द्र महतोले बताएका छन् । आइतबार प्रतिनिधि सभाको बैठकमा पहिलो पटक बोल्दै उनले नेपालभित्रैका नागरिकलाई मान्छे हेरेर कानूनको व्याख्या हुने गरेको बताए । मधेसमा लाखौं युवाहरू नागरिकताबाट बञ्चित रहेको भन्दै उनले नागरिकताको समस्या छिट्टै समाधान गर्न आग्रह गरे । 'मधेसका लाखौं युवाहरू नागरिकता विहीन छन् । आफ्नै देशमा अनागरिक भएर बस्न बाध्य छन् । बैङ्कमा खाता खोल्न पाएका छैनन्', उनले भने, 'यही सम्माननीय सदनबाट पटक पटक पारित गरेर नागरिकता विधेयक सम्माननीय राष्ट्रपति कहाँ पठाइएको थियो । फेरी राष्ट्रपतिले सदनमै फिर्ता गर्नुभयो। त्यो विधेयक अहिलेसम्म प्रमाणित हुन सकेको छैन । जुन दुखद विषय हो ।' सांसद महतोले आज हामी जुन नागरिकलाई एउटा नागरिकता दिन सकिरहेका छैनौं अनि ठुलठुला कुरा गरेर हुन्छ ? भनेर सदनमा प्रश्न गरेका थिए। 'मधेसका जनता अन्यायमा परेका छन् । त्यहाँ लाखौं युवाहरू न पढ्न पाएका छन् । न रोजगारी पाएका छन् न त विदेश जान पाएका छन्', उनले भने, 'सबैभन्दा पहिले त्यो विधेयकलाई पारित गराउन तर्फ पहल गरियोस् ।' सिराहा ४ बाट निर्वाचित उनले छ मिनेटको समयावधिमा बोल्दै हामी विभेदकारी नीतिमा रहेको बताएका थिए । उनले विभिन्न निकायको नश्लीय चिन्तन र एकात्मक सोचले नागरिकताको विषयलाई राष्ट्रियताको विषय बनाएका बताए । उनले हामी नेपाली पूर्वतिर फर्कियौं भने पूर्वतिरको राष्ट्रियता र पश्चिमतिर फर्कियौं भने पश्चिमतिरको राष्ट्रियता यही सदनमा बहस गर्ने गरेको बताए। ' नागरिकलाई राष्ट्रियतासँग नजोडौं । यो नागरिकको आवश्यकता हो । नागरिकको हक हो । नागरिकको अधिकार हो। त्यो अधिकारलाई कुण्ठित गर्ने प्रयास हामी नगरौं ।' उनले भने । सांसद महतोले हजारौं नेपालीहरूको रगतबाट ल्याएको गणतन्त्र र सङ्घीयताबारे धेरै टिकाटिप्पणी र संविधान विषयमा विपरीत नबोल्न आग्रह गरेका थिए । उनले खासगरी सरकारमा सहभागी हुने दल र मन्त्रीहरूलाई त्यस्तो अभिव्यक्तिहरू नदिन आग्रह गरेका थिए । उनले जनता निराश भएको बताउँदै व्यवस्था बदलियो तर अवस्था र प्रवृत्ति बदलेन भन्दै टिप्पणी गरेका थिए ।' यो सदनमा निर्वाचित भएर आइसकेपछि धेरै गुलिया र रसिला प्रतिबद्धताहरू सुन्न गरेका छौं । मैले यो गरे र मैले यो गर्नेछु । तर, जनता यो हाम्रो यो प्रतिबद्धताहरू सुन्दा सुन्दै बाजिब भइसकेको छ, उनले भने, ' जनताले हामीलाई निर्वाचित गरेर यस्तो खोक्रो प्रतिबद्धता। जुन प्रतिबद्धता कागजमा मात्रै हुन्छ कार्यान्वयन हुँदैन । त्यस्ता प्रतिबद्धता सुन्न हामीलाई सदनमा पठाएको होइन।' उनले एउटा सरकारले वर्तमान सरकारले निवर्तमान सरकारले त्यसभन्दा पनि निवर्तमान सरकारको प्रतिबद्धता यही रोष्टमबाट हामीले सुन्न पायौं भन्दै जुन प्रधानमन्त्रीले जुन कृषि मन्त्रीले एउटा किसानको लागि मल दिन सक्दैन किसानले आफ्नो पैसा तिरेर मल किन्न सक्दैन। अनि त्यो मन्त्री र प्रधानमन्त्रीले ठुलो भाषण गर्ने ठुलो प्रतिबद्धता देखाउने भन्दै कटाक्ष गरेका थिए । 'देशलाई अहिले जुन किसिमको कुराहरु आएको छ। मैले यो गरे त्यो गरे जनताले प्रक्रिया हेर्दैन । जनता रिजल्ट हेर्ने हो', उनले भने, 'कागजमा हामीले धेरै कुरा बनाउन सक्छौ । बनाइरहेका छौं। तर व्यवहारमा उतार्न सकेका छैनौं ।' सांसद महतोले मल नपाउँदा किसानहरू छटपटाइरहेको बेला किसानले उब्जाएको तरकारी सडकमा फाल्नुपर्ने बाध्यता भएको दुखेसो सुनाए ।



# सेयर बजारमा सामान्य सुधार, करिब २ अर्बको कारोबार

**टक नेपाल, काठमाडौं।**
आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) मा सामान्य अंकको सुधार आएको छ । कारोबार सुरु भएदेखि बढ्न थालेको नेप्से परिसूचक अन्तिम समयमा घटेर १.५४ अंकको वृद्धि हासिल गरेर बन्द भयो । कारोबार अवधिमा परिसूचक घटेर २ हजार ८८ अंकसम्म आइपुगेको थियो । जुन, अन्तिम समयमा २ हजार ९६ अंकमा पुगेर रोकिएको हो । यसक्रममा नेप्सेमा १ करोड ९३ लाख १७ हजार रुपैयाँभन्दा बढीको सेयर किनबेच भएको छ । यसक्रममा ५ लाख २० हजार ६ हजार ३७९ कित्ता सेयर किनबेच भएको छ ।



बजार सामान्य अंकले बढे पनि आज १०१ कम्पनीको सेयर घटेको छ भने १०८ कम्पनीको सेयर मूल्य बढेको छ। वटा कम्पनीको सेयर भने स्थिर रह्यो । आज आदर्श लघुवित्त वित्तीय संस्थाको सेयर मूल्य प्रतिकित्ता १९२ रुपैयाँले बढ्यो । १० प्रतिशतको वृद्धिसँगै कम्पनीको सेयर मूल्य प्रतिकित्ता २१ सय २१ रुपैयाँमा पुगेर रोकिएको छ। यस्तै, पोखरा फाइनान्सको सेयर मूल्य ८.४९ प्रतिशतले बढ्दै प्रतिकित्ता ४२५ रुपैयाँ पुगेको छ । यसक्रममा आज बैंक समूहमा १.६६ अंकको सुधार आएको छ । यस्तै, विकास बैंक समूह ११.७४ अंकले बढ्दा वित्त समूह २७ अंकले बढेको छ । यसका साथै, आइतबार होटल र टुरिजम समूह २३ अंक, जलविद्युत समूह ७ अंक, लगानी समूह ०.२७ अंक, उत्पादनमूलक समूह ३६अंक र म्यूचुअल फण्ड समूह ०.०२ अंकले बढेको छ । यसबाहेक, जीवन बीमा समूह ५२ अंक, लघुवित्त समूह १५ अंक, निर्जीवन बीमा समूह ४० अंक, अन्य समूह ४ अंक र व्यापार समूह १७ अंकले घटेको छ ।

# रेशम चौधरीको मुद्दामा प्रत्यर्थी झिकाउने आदेश



**टक नेपाल, काठमाडौं।**
सर्वोच्च अदालतले टीकापुर घटनामा तल्ला अदालतबाट दोषी ठहर भएका रेशमलाल चौधरीको मुद्दामा प्रत्यर्थी झिकाउने आदेश गरेको छ । न्यायाधीश टंक मोक्तान र मनोज शर्माको इजलासले चौधरीको पुनरावेदन मुद्दामा सुनुवाइ गर्दै प्रत्यर्थी झिकाउने आदेश गरेको सर्वोच्च अदालतको वेवसाइटमा उल्लेख छ । प्रत्यर्थी भनेको उनको पुनरावेदन निवेदनमा प्रतिवादी बनाइएका संस्था वा व्यक्ति हुन् । उच्च अदालत दीपायलले जन्मकैदको फैसला सदर गरेपछि त्यसविरूद्ध उनी सर्वोच्च अदालत आएका थिए । दीपायल अदालतले टीकापुर घटनामा दोषी ठहर गर्दै चौधरीलाई जन्मकैद गरिएको जिल्ला अदालत कैलालीको फैसला सदर गरेको थियो । कैलाली जिल्ला अदालतले चौधरीसहित ११ जनालाई जन्मकैद, १२ जनालाई ३ वर्ष, एजनालाई ६ महिना र तीन जनालाई सफाइ हुने फैसला गरेको थियो । चौधरी, राजकुमार कठरिया, सुन्दर लाल कठरिया, बृजमोहन डगौरा, राजेश चौधरी वीरबहादुर चौधरी, प्रदिप चौधरी, विद्रोह भन्ने सिताराम चौधरी,गंगाराम डगौरा चौधरी, श्रवण चौधरीलाई जन्मकैद हुने फैसलामा उल्लेख थियो । उनीहरूलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३ (३) बमोजिम जन्मकैद ठहर गरेको कैलाली जिल्ला अदालतले जनाएको छ । तीमध्ये श्रवण चौधरी भने नाबालक भएकाले १० वर्षमात्रै जेल सजाय हुने फैसलामा उल्लेख थियो । तहाँवर अलि, विसराम चौधरी र रामनरेश चौधरीले भने सफाइ पाएका थिए । त्यस्तै कैलाली अदालतले दिलबहादुर चौधरी, संगम भन्ने सन्तोष थारू, विधान चौधरी, पुल्कीराम चौधरी, रामप्रसाद चौधरी, लक्ष्मण थारू,लाहुराम थारू, रामकुमार कठरिया,सन्तराम चौधरी, विश्राम भन्ने जीतबहादुर डगौरा,प्रेम बहादुर चौधरी र किसनलाल चौधरीलाई ३ वर्ष कैद गरेको छ । अभियुक्त मध्ये करण चौधरीलाई बालबालिका ऐन अनुसार ६ महिना जेल हुने फैसला अदालतले गरेको थियो । २०७२ भदौ ७ गते टीकापुरमा थरूहट आन्दोलन हिंसात्मक बन्दा नेपाल प्रहरीका एसएसपी लक्ष्मण न्यौपानेसहित ८ जना प्रहरी र १ नाबालकको ज्यान गएको थियो । सोही मुद्दामा चौधरी सहित ५८ जना विरूद्ध अदालतमा मुद्दा परेको थियो। भने ३१ जना फरार छन्। फरार रहेका ३१ जनाको मुद्दा अहिलेलाई मुल्तवी (पक्राउ परेपछि फाइल खोल्नेगरी स्थगित) मा राखिएको छ । पुर्पक्षका लागि जेलमै रहँदा उनले २०७४ को प्रतिनिधि सभा चुनावमा वारेशमार्फत् उम्मेदवारी दिएका थिए । उनी कैलाली-१ बाट भारी मत ल्याएर सांसद निर्वाचित भएका थिए ।

# सत्ता गठबन्धन जसरी पनि जोगाउँछु : प्रधानमन्त्री

**टक नेपाल, काठमाडौं।**
प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले सत्ता साझेदार दलहरुबीचको एकतालाई जसरी पनि जोगाउने बताएका छन् । आइतबार संघीय संसद नयाँ बानेश्वर मा पत्रकारहरुसँग कुरा गर्दै उनले सत्ता साझेदार दलहरुबीचको एकतालाई जसरी पनि बचाउनुपर्ने बताए । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आफ्ना मन्त्रीहरुलाई फिर्ता बोलाउने निर्णय गरेलगत्तै प्रधानमन्त्री प्रचण्डले यस्तो प्रतिक्रिया दिएका हुन् । उनले भने, ‘राष्ट्रिय सहमति नै गरौं भनि राखेको छु भने त हाम्रो सत्ता साझेदार बीचको एकतालाई त जसरी पनि बचाउनुपर्छ भन्ने हो मेरो, अदालतको निर्णय पछि पक्कै पनि उहाँहरुलाई केही



असहज त भएकै थियो । अब उहाँसँग (रवि लामिछानेसँग) फेरि भेटेर कुरा गर्छु।’ रास्वपाले सरकारबाट बाहिरिए पनि समर्थन फिर्ता नलिएको बताए । उनले भने, ‘मैले उहाँहरुले गरेको पूरै निर्णय हेर्न पाएको छैन । भर्खरै सुनेँ । बिहान उहाँसँग (रवि लामिछानेसँग) भएको कुरा अनुसार सरकारलाई समर्थन फिर्ता चाहिँ होइन मन्त्रीहरु बाहिर निक्लने विषय छलफल भइरहेको छ भन्नुहुन्थ्यो । फेरि हामी छलफल गर्छौं । यसलाई हल गर्नेतिर नै जान्छौं ।’

# मधेस प्रदेशका शिक्षा मन्त्री यादवले गरे पदभार ग्रहण

**टक नेपाल, जनकपुरधाम।**
जनमत पार्टीबाट शिक्षा, विज्ञान, प्रविधि तथा वाणिज्य मन्त्री बनेका महेश प्रसाद यादवले पदभार ग्रहण गरेका छन् । पार्टीका मधेस प्रदेश दलका नेतासमेत रहेका मन्त्री यादवले आइतबार पदभार ग्रहण गरेका हुन् । शनिबार मन्त्रीको शपथ लिएका उनले आइतबार पदभार ग्रहण गर्दै अगामी



५ वर्षमा मधेसलाई पूर्ण साक्षर घोषणा गर्ने पहिलो निर्णय गरेका हुन् । उनले अन्य प्रदेशको तुलनामा मधेस प्रदेशको साक्षरता दर निकै पछाडि रहेको बताए । उनले ४९.५ प्रतिशत मात्र साक्षर रहेको मधेस प्रदेशलाई आफ्नो कार्यकालमा पूर्णसाक्षर बनाउन शिक्षा सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तीव्रताका साथ निर्माण गर्ने र सोको प्रभावकारी कार्यान्वयनमा अग्रसर भई काम गर्ने बताए ।

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | जिद्दीपनाले गर्दा काम बिग्रने डर छ। | तुला | आज नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। |
| बृष | आज शत्रुमाथि विजय प्राप्त हुन सक्छ। | वृश्चिक | आज मनमा प्रसन्नता छाउनेछ। |
| मिथुन | यात्रा सफल नै हुन्छ, तर लामो यात्राबाट हानी हुनसक्छ। | धनु | भाग्यले साथ दिए पनि मनमा शंका तथा डरका कारण काममा दुबिधा उत्पन्न हुन सक्छ। |
| कर्कट | आज प्रेमसम्बन्ध र प्रणयप्रसङ्गका लागि श्रेष्ठ समय रहेको छ। | मकर | आज आस्था र पराक्रममा वृद्धि हुनेछ। |
| सिंह | आज मनमा निराशा र शरीरमा आलस्य आउला। | कुम्भ | सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ। |
| कन्या | आज कला र गलाको प्रभाव बढ्नेछ। | मीन | बन्धु बान्धवबाट विशेष सहयोग मिल्नेछ। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

## ....सम्पादकीय

# किसानको आक्रोश

चितवनस्थित पुल्चोकमा जम्मा भई शुक्रबार किसानले उत्पादित तरकारी सडकमा फ्याँकेर आन्दोलन गर्नुपर्ने जुन परिस्थिति बन्यो, त्यो दुभार्ग्यपूर्ण हो। एकातिर कृषिप्रधान देश भन्ने, अर्कोतिर विदेशी तरकारी ल्याउने तर स्वदेशी उत्पादनको बजार व्यवस्थापनमा ध्यान नदिने जुन प्रवृत्ति देखिएको छ, त्यो आलोच्य छ। त्यसकारण किसान आफ्नो उत्पादन सडकमा फ्याँकेर आन्दोलन गर्न बाध्य छन्। आन्दोलनका क्रममा किसानले लिएको ब्यानरमा उल्लिखित एउटा सन्देश आफैंमा मार्मिक छ, जसमा लेखिएको छ, ‘बारीमा जाऊँ भविष्य छैन, खाडीमा जाऊँ उमेर छैन।’ यसले किसानको तनावलाई त देखाउँछ नै, हाम्रो राज्य संयन्त्रलाई पनि गिज्याएको छ। सरकारले रोजगारी सिर्जना गर्न सकेको छैन, जसले गर्दा युवादेखि पाका उमेरसमूहका मानिस वैदेशिक रोजगारीको खोजीमा बिदेसिन बाध्य छन्। बिदेसिने क्रममा अधिकांश जाने भनेको खाडी मुलुक नै हो, जहाँको रोजगारी सहज छैन। त्यसमाथि यसरी बिदेसिने क्रममा त्यस्ता व्यक्ति पाइलैपिच्छे ठगिने गरेका छन्। अझ जोखिमयुक्त र अप्ठ्यारो काम गर्नुपर्ने भएकाले पाका उमेरसमूहका लागि त्यो विकल्प ज्यादै कठिन छ। त्यो अवस्थामा आफ्नै मुलुकमा पसिना बगाउन चाहनेहरूका लागि पनि सरकारले वातावरण बनाइदिएको छैन। बरु, वर्षभरि पसिना बगाएर उत्पादन गरेका तरकारीलगायत वस्तु उपयुक्त बजार अभावका कारण या बारीमै सडाउनुपर्ने हुन्छ, नभए आक्रोशस्वरूप सडकमा मिल्काउनुपर्ने हुन्छ। चितवनको घटना कृषकको त्यस्तै आक्रोशमध्ये एक हो। यस्तो विरोध प्रदर्शन किसानले बेलाबखत गर्दै आए पनि यस विषयमा सरकारले सम्बोधन गर्न नसक्नु लज्जाको विषय हो। मुलुकमा उत्पादन नभएकै कारण सामान्य कुरा पनि आयात गर्नुपरिरहेको छ, जसले व्यापार सन्तुलन खल्बलिएको छ। यो अवस्थामा सीमित किसानले उत्पादन गरेका चिजबिजले समेत बजार नपाउँदा आगामी दिनमा कृषि पेसाबाट झनै विमुख हुने सम्भावना छ। यसले मुलुकको समग्र अर्थतन्त्रलाई नै अधोगतितर्फ धकेल्न सक्छ। भारतबाट आयातीत तरकारी सस्तोमा पाइएकाले यहाँको तरकारीले बजार नपाएको उत्पादकको गुनासो छ। त्यसो त भारतमा ठूलो परिमाणमा उत्पादन हुन्छ, जसले गर्दा लागत कम पर्छ । अर्को कुरा त्यहाँको सरकारले कृषकलाई विभिन्न किसिमका अनुदान सहुलियत दिँदै आएको छ। त्यसका कारण पनि उनीहरू सस्तोमा दिन सक्छन्। यसको असर भने नेपाली किसानलाई परेको छ। यतिबेला चितवनका कृषकले गोलभेंडा प्रतिकिलो १० रूपैयाँ, बन्दा ६ रूपैयाँ, फर्सी १० रूपैयाँ, सिमी १५ रूपैयाँ र काउली ७ रूपैयाँसम्ममा बेच्नुपरेको गुनासो गरेका छन्। तर काठमाडौंमा आइपुग्दा कतिपय तरकारीको मूल्य ६ गुणाभन्दा बढी पर्ने गरेको छ। यसले उत्पादनकर्ता किसान र उपभोगकर्ताबीच बिचौलिया हाबी भएको र त्यसैले समस्या ल्याएको देखाउँछ। यो अवस्थामा सरकारले किसानलाई अनुदान एवं सहुलियत दिने, बजारको व्यवस्था गर्नेदेखि बिचौलिया नियन्त्रण गर्नुपर्ने देखिन्छ । त्यसो त सरकारले कृषिमा अनुदान धेरै दिएको दाबी गर्छ । तर त्यस्तो अनुदान वास्तविक किसानले पाएकै छैनन्। कि आंशिक किसानले पाएका छन् कि त पूर्वकिसानले पाएका छन्, अनि कि कर्पोरेट किसानले पाएका छन् कि त आफ्नै जमिन पनि नचिनेका तर जग्गा धनीपुर्जा भने बगलीभरि बोकेर हिँड्नेले पाएका छन्। त्यसैले कृषि अनुदान पाउनेको सूची सरकारी अभिलेखमा थुप्रै भए पनि वास्तवमा त्यो सही ठाउँमा पुगेको छैन। चितवनमा अहिले किसानले सुरु गरेको आन्दोलनले पनि यही कुरालाई पुष्टि गर्छ। साना तथा महिला किसान यतिबेला पारिवारिक खेती प्रणालीमार्फत उत्पादनमा सहभागी छन्। उनीहरू उत्पादन गरेर आफू खान्छन् र बाँकी तरकारी बेचेर आर्थिक गर्जो टार्छन्। तर अनुदान दिनुपर्ने यस्ता किसानसम्म सरकार पुगेकै छैन । भान्सामा पुग्नुपर्ने तरकारी सडकमा फ्याक्नुपर्ने बाध्यताको एउटा कारण यो पनि हो।

# रास्वपा बाहिरिए पनि कायम रहने छ सरकार, तत्काल लिनुपर्दैन विश्वासको मत

**टक नेपाल, काठमाडौं।**

पार्टी गठनको ६ महिनामै सरकारमा पुगेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ४२ दिनमै सरकारबाट बाहिरिएको छ। ७ असारमा रवि लामिछानेको नेतृत्वमा पार्टी गठन भएपछि रास्वपाले ४ मंसिरमा भएको प्रतिनिधिसभाको निर्वाचनमा २० सीट जितेको थियो । तत्कालै सरकारमा सहभागी भएको रास्वपा ४२ दिनमै सरकारबाट बाहिरिएको छ। यद्यपि उसले सरकारलाई दिएको समर्थन भने कायमै राखेको छ। केन्द्रीय समिति र संसदीय दलको संयुक्त बैठकपछि आयोजित पत्रकार सम्मेलनमा रास्वपा सभापति रवि लामिछानेले समर्थन कायमै रहे पनि विपक्षमा बस्ने बताए । अब संसद्मा रास्वपा कांग्रेसकै जस्तो हैसियतमा रहनेछ । कांग्रेसले पनि सरकारलाई विश्वासको मत दिएको थियो । समर्थन फिर्ता लिँदा फेरि विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्थाका कारण सरकार ढाल्ने खेलमा आफूहरू लाग्न नखोजेको उनको भनाइ थियो । ’समर्थन फिर्ता लिनासाथ सरकार ढल्ला । (संविधानको) एउटा धारा आकर्षित हुन्छ । हामी अस्थिरताको कारक होइनौं । अस्थिरताको कारक बन्न नचाहेककाले समर्थन दिइरहेका हौं । राष्ट्रपतिको चुनावमा कुनै निर्णयमा पुगेका छैनौं,’ लामिछानेले भने । नागरिकता विवादमा सर्वोच्च अदालतले १३ माघमा रविको सांसद पद खारेज गरेको थियो । उनको पद खारेज भएपछि गृहमन्त्री र पार्टी सभापति पद पनि गुम्यो । तर १५ माघमा उनले पुनः नेपालको नागरिकता प्राप्त गरे । नागरिकता पाएलगत्तैदेखि आफूलाई पुनः गृहमन्त्री बनाउन उनले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई दबाब दिएका थिए । एकपटक होइन पटक-पटक भेटेर उनले प्रधानमन्त्रीमाथि दबाब बढाएका थिए । तर प्रधानमन्त्री प्रचण्ड नागरिकता र पासपोर्ट विवादमा मुछिएका गैरसांसद लामिछानेलाई तत्काल मन्त्री बनाउन तयार भएनन् । गृहमन्त्री नपाएकै विषयलाई आधार देखाउँदै रविको पार्टी रास्वपा सरकारबाट अलग भएको छ । केन्द्रीय समिति र संसदीय दलको संयुक्त बैठकले सरकारबाट बाहिरिने निर्णय लिएको हो । रविको सांसदसँगै गृहमन्त्री पद गए पनि सरकारमा रास्वपाबाट शिक्षामा शिशिर खनाल र श्रममा डोलप्रसाद अर्याल मन्त्री थिए । डा. तोसिमा कार्की स्वास्थ्य राज्यमन्त्री थिइन् । राप्रपाकै इन्दिरा राना मगर यसअघि नै उपसभामुखमा चुनिइसकेकी छन् । १० पुसमा प्रचण्डलाई एमालेका ७८, माओवादीका ३२, रास्वपाका २०, राप्रपाका १४, जसपाका १२ र जनमतका ६, नागरिक उन्मुक्ति ३ र स्वतन्त्र ४ गरी १६९ सांसदको समर्थन थियो । रविको सांसद पद गएपछि रास्वपाको १९ सीट छ । स्वतन्त्र सांसद किरण साह पार्टी प्रवेश गरेपछि एमालेको भने ७९ सांसद पुगेका छन् । रास्वपा बाहिरिए पनि एमाले, माओवादी, राप्रपा र जनमत पार्टी सरकारमा सहभागी छन् । यिनीहरूको मात्रै मत संख्या १३१ छ । सरकारमा सहभागी नभए पनि जसपाको १२ सीटको समर्थन पनि सरकारलाई छ । ४ सीट भएको नागरिक उन्मुक्ति र अरू २ स्वतन्त्र सांसद पनि सत्तापक्षमै बसेका छन् । २७५ सदस्यीय प्रतिनिधिसभामा १३८ सांसद भए बहुमत पुग्छ । २६ पुसमा प्रधानमन्त्रीले विश्वासको मत लिँदा कांग्रेस र नेकपा एससहितका दलले पनि मत दिएका थिए । विश्वासको मत दिएदेखिनै कांग्रेसले अप्ठ्यारोमा प्रधानमन्त्री प्रचण्डलाई साथ दिने बताउँदै आएको छ । कांग्रेसका नेताहरूले खुलारूपमा आवश्यक पर्दा कांग्रेस सरकारमा नै सहभागी हुने बताउँदै आएका छन् । रास्वपा बाहिरिए पनि समर्थन कायमै राखेकाले सरकारलाई तत्काल अप्ठ्यारो पर्ने देखिँदैन । यदि समर्थन फिर्ता लिएको भए संविधानको धारा १०० उपधारा (२) अनुसार ३० दिनभित्र विश्वासको मत लिनुपर्ने थियो । उक्त उपधारामा प्रधानमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा वा सरकारमा सहभागी भएको दलले आफ्नो समर्थन फिर्ता लिएमा प्रधानमन्त्रीले ३० दिनभित्र विश्वासको मत लिनुर्पने व्यवस्था छ । रास्वपाको समर्थन कायमै रहेको अवस्थामा उक्त धारा आकर्षित हुने देखिँदैन । यद्यपि रास्वपाको भागमा परेका श्रम, रोजगार तथा सामाजिक सुरक्षा र शिक्षा मन्त्रालय रिक्त भएका छन् । गृहमन्त्रालय यसअघि नै रिक्त भइसकेको छ ।

# चालु वर्षको ६ महिनामा मधेसमा........

उद्योग, पर्यटन तथा वन मन्त्रालयका लागि ४ अर्ब ८५ करोड ६४ लाख ६० हजार रुपैयाँ विनियोजन गरिएकामा ५० करोड ६ लाख १८ हजार ४ सय ४३ रुपैयाँ खर्च गरेको छ । कानुन, न्याय तथा प्रदेशसभा मामिला मन्त्रालयका लागि ५ करोड ३३ लाख २८ हजार रुपैयाँ विनियोजन गरिएकामा चालु आवको ६ महिनामा १ करोड ३१ लाख १२ हजार ९६३ रुपैयाँ खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालयको तथ्यांक छ । यस्तै, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका लागि २ अर्ब ७४ करोड २५ लाख विनियोजन गरिएकामा १९ करोड ४२ लाख ७६ हजार २ सय ११ रुपैयाँ खर्च गरेको छ। खानेपानी तथा ऊर्जा विकास मन्त्रालयका लागि १ अर्ब ६८ करोड ८६ लाख ७१ हजार रुपैयाँ विनियोजन गरिएकामा ६ महिनामा ३० करोड ६५ लाख ४२ हजार ६ सय २८ रुपैयाँ खर्च भएको छ । गृह तथा सञ्चार मन्त्रालयका लागि ६४ करोड ३३ लाख २० हजार रुपैयाँ विनियोजन गरिएकामा चालु आवको ६ महिनामा ५ करोड ७५ लाख ९१ हजार १२ रुपैयाँ खर्च भएको छ । यस्तै, वाणिज्य आपूर्ति तथा विज्ञान प्रविधि मन्त्रालयका लागि २ करोड ७८ लाख ३६ हजार रुपैयाँ विनियोजन गरिएकामा ३९ लाख ५३ हजार ५०३ रुपैयाँ खर्च भएको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयका लागि १८ अर्ब २२ करोड ५० लाख ६४ हजार रुपैयाँ विनियोजन गरिएकामा चालु आवको ६ महिनामा १ अर्ब ४३ करोड २ लाख ८० हजार ९५४ रुपैयाँ खर्च भएको छ । यस्तै, महिला बालबालिका, युवा तथा खेलकुद मन्त्रालयका लागि ६१ करोड ९८ लाख ५७ हजार रुपैयाँ विनियोजन गरिएकामा ३ करोड २९ लाख ४६ हजार ७६३ रुपैयाँ खर्च गरेको छ । सामाजिक विकास मन्त्रालयका लागि ८ अर्ब ९६ लाख ५८ हजार रुपैयाँ विनियोजन गरिएकामा चालु आवको ६ महिनामा २ अर्ब ४ करोड ५ हजार ६ सय ७० रुपैयाँ खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

टक नेपाल
राष्ट्रिय दैनिक
“परिवर्तनको एक नयाँ आवाज”



# प्रेस युनियन मधेश प्रदेश समिति सर्वसम्मत चयन

**धीरेन्द्रप्रसाद साह, जनकपुरधाम।**

नेपाल प्रेस युनियन मधेश प्रदेशको प्रथम अधिवेशनले सर्वसम्म कार्यसमिति र लेखा समिति चयन गरेको छ । प्रदेशको बारा जिल्लाको कलैयामा शनिबार राति आयोजित अधिवेशनको बन्द सत्रले सत्यप्रकाश श्रेष्ठको अध्यक्षतामा २५ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन गरिएको छ । समितिका उपाध्यक्षमा धीरेन्द्रप्रसाद साह, सोम दियाली, रमिता नेपाल, महासचिवमा अजयकुमार साह, सचिवमा सन्तोष पाण्डे, मनोजकुमार माझी, पुस्तिका केसी, कोषाध्यक्षमा उदयदास थारुलाई चयन गरेको छ । यसैगरी, सदस्यमा विजयकुमार साह, हदिश खुद्दार, अजयकुमार साह, मुकेश झा, दीपेश मल्लिक, शैलेन्द्रप्रसाद सिंह, सञ्जीवकुमार साह, राकेशप्रसाद गुप्ता, नवीन चौधरी, लक्ष्मी चौधरी, श्रवण



साह, सृजा थापा, बबलु चौधरी, उत्तिमलाल कापडी, धीरेन्द्रबहादुर श्रेष्ठ, नरेश चौधरी र पवन मिश्र सर्वसम्मत चयन भएको प्रेस युनियन केन्द्रीय केन्द्रीय उपाध्यक्ष (मधेश प्रदेश) अनिलकुमार कर्णले जानकारी दिनुभयो । त्यस्तै, तीन सदस्यीय लेखा समिति संयोजकमा रन्जन खरेल, सदस्यमा राहुल गुप्ता र प्रियंका दासलाई सर्वसम्मत चयन गरिएको छ सप्तरी, सिराहा, धनुषा, सर्लाही, रौतहट, बारा र पर्सा जिल्लाका करिब १२० प्रतिनिधि सहभागी थिए । यसअघि अधिवेशनको उद्घाटन नेपाली कांग्रेसका महामन्त्री गगन थापाले गर्नुभएको थियो । अधिवेशनमा कांग्रेसका केन्द्रीय सदस्य अजयबाबु सिवाकोटी, प्रेस युनियनका अध्यक्ष शिव लम्साल, महासचिव दिलीप पौडेल, मधेश प्रदेश सचिव अजित तिवारीलगायतले सफलताको शुभकामना दिनुभएको थियो ।

# विषयगत शिक्षक अभावमा पढाइ नभएको भन्दै विद्यार्थी आन्दोलित

**टक नेपाल, जनकपुरधाम।**

धनुषाको बटेश्वर गाउँपालिका वडा नं. १ स्थित लक्ष्मी माध्यमिक विद्यालयका विद्यार्थी आन्दोलित भएका छन् । विषयगत शिक्षक अभावमा तीनवटा विषयको पढाइ ६ महिनादेखि नभएको भन्दै विद्यार्थीहरु आइतबार आन्दोलनमा उत्रेका हुन् । उनीहरुले प्रदर्शन गर्दै वडा नं. १ कार्यालय घेराउको साथै तोडफोडसमेत गरेका छन् । वडा कार्यालय घेराउ गर्न पुगेका विद्यार्थीले कार्यालयमा वडाध्यक्ष अशोककुमार महतो लगायत जनप्रतिनिधि नदेखेपछि वडा कार्यालयमा तोडफोड गरेका हुन् । कार्यालय अगाडि सडक अवरुद्ध



गरि केहीबेर टायर बालेर प्रदर्शन समेत गर्दै उनीहरुले शिक्षकको माग गरेका छन् । लामो समयदेखि वडाध्यक्ष र प्रधानाध्यापकसँग अंग्रेजी, समाजिक र विज्ञान विषयको शिक्षका माग गर्दा समेत चासो नदिएपछि बाध्य भएर आन्दोलनमा उत्रेको विद्यार्थीहरुले बताएका छन् । एसईई परीक्षा आउन डेढ महिनामात्र बाँकी रहँदासमेत पढाइ नभएको उनीहरुको गुनासो छ ।

# समयमै हुलाकी राजमार्ग निर्माण सम्पन्न नगरे कारबाही गरिने

**टक नेपाल, जनकपुरधाम।**

समय सीमाभित्र हुलाकी राजमार्ग निर्माण कार्य सम्पन्न नगरे सर्लाहीमा निर्माण व्यवसायीलाई कारबाही गर्ने निर्णय गरिएको छ । आइतबार प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवको अध्यक्षता र जिल्ला समन्वय समिति सर्लाहीका प्रमुख कौशल किशोर प्रसाद सिंहको प्रमुख आतिथ्यतामा बसेको बैठकले हुलाकी राजमार्ग निर्माण समयमा नसके निर्माण व्यवसायीलाई कानुनी कारबाही गर्ने निर्णय गरेको छ । हुलाकी राजमार्ग निर्माण सम्बन्धमा बसेको बैठकले पर्सा गाउँपालिकाको शीतलपुरदेखि मलंगवा नगरपालिका-२ सम्म, गोडैता नगरपालिकाको रोहुवा देखि गोडैता नगरपालिकासम्म, गोडैता नगरपालिकाको रोहुवा देखि बागमती पुलसम्म (बडहर्वा पुल छतौना) सम्म २०७९ चैत मसान्तसम्म सम्पन्न गर्नुपर्ने,



नाला तथा कल्भर्ट निर्माण मलंगवा र पर्सा सडक खण्डमा फागुन मसान्तसम्म, बाँकेदेखि संग्रामपुरसम्म अवरोध रहेको स्थानमा समन्वय गर्ने, फुलजोरदेखि त्रिभुवननगरसम्म अवरोध रहेको स्थानमा समन्वय गर्ने निर्णय गरिएको छ । बैठकले हुलाकी राजमार्ग निर्माण क्रममा विवादित स्थानमा समस्या समाधान गर्न जिल्ला समन्वय समिति, प्रमुख जिल्ला अधिकारी, जिल्लाका सुरक्षा निकायका प्रमुख, आयोजना प्रमुख, सम्बन्धित स्थानीय तहका प्रमुख/अध्यक्ष, पत्रकार, नागरिक समाजसहितको टोली विवादित स्थलमै गई समस्या समाधान गर्ने निर्णय भएको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिए। यस्तै, निर्माण सामाग्री उपलब्ध गराउने तथा विद्युत् पोल विद्युत् प्राधिकरणसँग समन्वय गरी सडक/नालाबाट हटाउने व्यवस्था मिलाउने निर्णय भएको हो ।

# चालु वर्षको ६ महिनामा मधेसमा ११ प्रतिशत बजेट खर्च

**टक नेपाल, जनकपुरधाम।**

मधेस प्रदेश सरकारले चालु वर्षको ६ महिनामा ११ प्रतिशत बजेट मात्र खर्च गर्न सकेको छ ०७९/८० का लागि मधेस सरकारले ४६ अर्ब ८८ करोड ९ लाख ४६ हजारको बजेट ल्याएकोमा आर्थिक वर्षको ६ महिनामा १०.९० प्रतिशत अर्थात् ५ अर्ब ११ करोड ६ लाख ८ हजार १ सय रुपैयाँ खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालयका लेखा अधिकृत मनोजकुमार झाले जानकारी दिए । मधेस सरकारले ६ महिनाको अवधिमा पुँजीगततर्फ १०.२४ प्रतिशत र चालुतर्फ ११.६२ प्रतिशत बजेट खर्च भएको लेखा नियन्त्रक कार्यालयको तथ्यांक छ। मधेस सरकारले पुँजीगततर्फ २५ अर्ब ९७ करोड २० लाख ८० हजार विनियोजन गरेकामा २ अर्ब ६५ करोड ९२ लाख ५१ हजार ६५७ र चालुतर्फ




२० अर्ब ९० करोड ८८ लाख ६६ हजार विनियोजन गरिएकामा २ अर्ब ४५ करोड १३ लाख ५६ हजार ४ सय ४३ रुपैयाँ खर्च भएको छ। मधेस सरकारले पहिलो ६ महिनामा ५ अर्ब ११ करोड रकम खर्च गरेकाले अबको बाँकी ६ महिनामा ४१ अर्ब ७७ करोड ३ लाख ३७ हजार ९ सय रुपैयाँ खर्च गर्नुपर्ने लेखा नियन्त्रक कार्यालयले जनाएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका लागि १ अर्ब ४८ करोड ८८ लाख ९१ हजार रुपैयाँ विनियोजन गरिएकामा चालु आवको ६ महिनामा ६ करोड ६५ लाख ८८ हजार ३४० रुपैयाँ खर्च गर्न सकेको छ । यस्तै, अर्थ मन्त्रालयका लागि २४ करोड ९० लाख ४५ हजार रुपैयाँ विनियोजन गरिएकामा ३ करोड ८३ लाख ८१ हजार १२९ रुपैयाँ खर्च गरेको छ ।

-बाँकी पृष्ठ ३ मा

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौ ।"

LIVER FUNCTION TEST
- Bilubine Total / Direct
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
- CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- STOOL R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

DIABETES PACKAGE
- URINE R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose /F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा. लि.

बर्दिवास-१४, औरहीरोड सम्पर्क: ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स: ९८१२०८५६०४

बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, तुलसा माया कार्की, प्रधान सम्पादक : तुलसी रमण काफ्ले, सम्पादक : रंजुकुमारी साह, व्यवस्थापक : नवीन चौधरी र ललन मण्डल, कार्यकारी सम्पादक : बिबेक कुमार महतो, बजार व्यवस्थापक : अनुराग यादव

मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com